# सामुदायिक वनको
# काठ/दाउरा सङ्कलन तथा बिक्री-वितरण
# निर्देशिका, २०७१

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

# प्रस्तावना

सामुदायिक वन उपभोक्ता समूहद्वारा सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम वनको दिगो व्यवस्थापनबाट उत्पादन हुने वन पैदावार (काठ, दाउरा) संकलन गरी उपभोक्ता समूहका सदस्यहरूको आवश्यकता अनुसार समन्यायिक रूपमा सरल र सर्वसुलभ किसिमले आन्तरिक आपूर्ति गरी बाँकी रहने वन पैदावारको सदुपयोगको लागि समूह बाहिर बिक्री-वितरण गर्ने प्रक्रियालाई वन ऐन २०४९, वन नियमावली २०५१ तथा वन तथा भू संरक्षण मन्त्रालयले जारी गरेका सामुदायिक वनको निर्देशिका, २०५२ एवं मार्गदर्शनहरूको अधिनमा रही नियमित, पारदर्शी, प्रतिस्पर्धी र न्यायोचित् बनाउन वन नियमावली २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी वा तथा भू-संरक्षण मन्त्रालयवाट यो निर्देशिका तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "सामुदायिक वनको वन पैदावार सङ्कलन तथा बिक्री-वितरण निर्देशिका २०७१" रहेको छ ।

(२) यो निर्देशिका वन तथा भू–संरक्षण मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकमा :

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले वन नियमावली, २०५१ सम्झनुपर्दछ ।

(ग) "जिल्ला वन अधिकृत" भन्नाले जिल्ला वन कार्यालयको प्रमुख सम्झनुपर्दछ ।

(घ) "अख्तियार प्राप्त अधिकारी" भन्नाले जिल्ला वन अधिकृत वा निजले अख्तियारी प्रदान गरेको कर्मचारी सम्झनुपर्दछ ।

(ङ) "उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको व्यवस्थापन र उपयोग गर्न वन ऐन, २०४९ को दफा ४२ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनुपर्दछ ।

(च) "उपभोक्ता समिति" भन्नाले उपभोक्ता समूहको विधानबमोजिम गठित कार्यसमितिलाई सम्झनुपर्दछ ।

(छ) "विधान" भन्नाले उपभोक्ता समूहको साधारण सभाबाट पारित भई जिल्ला वन कार्यालयबाट स्वीकृत विधानलाई सम्झनुपर्दछ ।

(ज) "सामुदायिक वनको कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको व्यवस्थापन, विकास, संरक्षण तथा वन पैदावरको सदुपयोग र बिक्री-वितरण गर्न उपभोक्ता समूहले तयार गरी वन ऐन, २०४९ को दफा २५ बमोजिम जिल्ला वन अधिकृतबाट स्वीकृत भएको सामुदायिक वनसम्बन्धी कार्ययोजना सम्झनुपर्दछ ।

(झ) "वन व्यवस्थापन" भन्नाले दिगो रूपमा वनको संरक्षण, सम्वर्द्धन र सदुपयोगका लागि सामुदायिक वनको स्वीकृत कार्ययोजनाअनुसार सञ्चालन गरिने क्रियाकलापहरू सम्झनुपर्दछ ।

(ञ) "वन संरक्षण" भन्नाले वन अतिक्रमण र वन पैदावारको चोरी निकासी नियन्त्रण गर्ने, चरीचरण व्यवस्थित गर्ने, आगलागी नियन्त्रणका लागि आवश्यक पर्ने कार्यहरू गर्ने, भू-क्षय नियन्त्रण गर्ने र रूख बिरुवामा लाग्ने रोग किरा नियन्त्रण गर्ने जस्ता कार्यहरू सम्झनुपर्दछ ।

(ट) "वन पैदावार" भन्नाले वन ऐन, २०४९ को दफा २ (ग) मा उल्लिखित वन पैदावार सम्झनुपर्दछ ।

(ठ) "वृद्धि मौज्दात" (Growing Stock) : वनको वृद्धि मौज्दात भन्नाले कुनै वन या वन-खण्डमा रहेका सम्पूर्ण खडा रुखबिरूवाहरूको कूल परिमाण भन्ने बुझिन्छ । वनको मौज्दातलाई सङ्ख्या प्रति हेक्टर, वर्ग मिटर प्रति हेक्टर, आयातन घन फिट प्रति हेक्टर, बायोमास (दाउरा, स्याउला, घाँस आदि) के.जि.प्रति हेक्टर आदिमा नाप्न सकिन्छ ।

(ड) "प्लट" भन्नाले सामुदायिक वनको कार्ययोजना अनुसार वार्षिक रूपमा वन व्यवस्थापन (संरक्षण, सम्वर्धन र सदुपयोग) गर्न छुट्याइएको खण्ड, उप-खण्ड वा सो भित्रको क्षेत्रलाई सम्झनुपर्दछ र यो शब्दले सामुदायिक वन भित्र ऐनको दफा ६८ अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना सञ्चालनका लागि उपभोक्ता समूहसँगको सहमतिमा रूखहरू हटाउने गरी निर्धारण गरिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ढ) "छपान रूख" भन्नाले यस निर्देशिकमा उल्लिखित प्रक्रिया बमोजिम सामुदायिक वन भित्र छपान गरिएका रूखहरू सम्झनुपर्दछ ।

(ण) "वल्लावल्ली" भन्नाले वन नियमावली २०५१ को अनुसूची-२ को द्रष्टव्य ४(ख) मा परिभाषित गरिए अनुसारको बल्लाबल्ली सम्झनुपर्दछ ।

(त) "दाउरा" भन्नाले वन नियमावली २०५१ को नियम २(ङ) मा परिभाषित गरिए अनुसारको दाउरा सम्झनुपर्दछ ।

(थ) "चट्टा" भन्नाले २०'×५'×५' (५०० घनफीट) को दाउराको थुप्रो सम्झनुपर्छ ।

(द) "घाटगद्दी/डिपो" भन्नाले उपभोक्ता समूहले वन कार्यालयसँग समन्वय गरी काठ, दाउरा, पोल, एवं बल्लाबल्ली बिक्री-वितरणका लागि सुरक्षित राख्न निर्धारण गरेको ठाउँलाई सम्झनुपर्दछ ।

(ध) "लट" भन्नाले घाटगद्दीमा लिलाम बिक्री वितरण गर्ने उद्देश्यले गोलिया वा चिरान काठलाई एकमाथि अर्को गरी चाङ मिलाई एक वा बढी ठाँउमा राखिएका निश्चित थान र परिमाण भएको थुप्रोलाई सम्झनुपर्दछ र यो शब्दले दाउराको हकमा चट्टा सम्झनुपर्दछ ।

(न) "टाँचा" भन्नाले खडा एवं ढलापडा रूख वा काठमा छाप, चिन्ह वा निशाना लगाउने प्रयोजनका लागि स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लिखित ढाँचामा तयार गरी नियमावलीको नियम ३४(२) बमोजिम जिल्ला वन कार्यालयमा दर्ता गरिएको टाँचालाई सम्झनुपर्दछ । यो शब्दले जिल्ला वन कार्यालयले प्रयोग गर्ने टाँचालाई समेत जनाउँछ ।

(प) "बोलपत्र" भन्नाले उपभोक्ता समूहले बिक्री गर्ने वन पैदावार खरिद गर्न कुनै व्यक्ति वा सङ्घ संस्थाले सोही प्रयोजनको लागि समूहद्वारा वेचिएको बोलपत्र फाराम भरी खामबन्दी गरी लाहाछाप लगाई पेश गरेको दररेट विवरणसहितको प्रस्ताव र सोसँग सम्बन्धित अन्य कागजात सम्झनुपर्छ ।

(फ) "बोलपत्र फाराम" भन्नाले वन पैदावार बिक्री प्रयोजनको लागि सम्वन्धित उपभोक्ता समूहको अध्यक्ष वा निजले तोकेको पदाधिकारीको दस्तखत र छाप लागेको तथा वन पैदावार प्रतिस्पर्धाबाट लिलाम बिक्रीका लागि तोकिएका सर्तहरू उल्लेख भएको **अनुसूची-१७** बमोजिमको फाराम सम्झनुपर्दछ ।

(ब) "सङ्कलक" भन्नाले वन पैदावार सङ्कलनका लागि परम्परागत ज्ञान भई वा तालिम प्राप्त गरी वन पैदावार सङ्कलनमा संलग्न हुने व्यक्तिलाई जनाउँछ ।

(भ) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको कम्पनीलाई जनाउँछ ।

(म) "उद्योग" भन्नाले प्रचलित कानुनअनुसार वन पैदावार सङ्कलन तथा प्रशोधन गरी उत्पादन र बिक्री वितरण गर्न पाउने गरी औद्योगिक व्यवसाय ऐन २०४९ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगलाई सम्झनुपर्दछ ।

(य) "कामदार" भन्नाले उपभोक्ता समूह वा उद्योगले कार्ययोजना अनुसार वन क्षेत्रबाट वन पैदावार सङ्कलन गर्न, यस्तो वन पैदावार घाटगद्दी/डिपोसम्म ढुवानी गर्न र त्यहाँ राखिएका वन पैदावार संरक्षण गर्न खटाइएको व्यक्ति सम्झनुपर्दछ ।

(र) "अनुगमन" भन्नाले उपभोक्ता समूहबाट सञ्चालन गरिएको वन व्यवस्थापन, वन पैदावार सङ्कलन र बिक्रि-वितरण कार्यको सञ्चालन प्रक्रिया र परिणामको स्थलगत अवलोकन पश्चात् लेखाजोखा गरी अभिलेखीकरण गर्ने तथा पृष्ठपोषण गर्ने कार्यसमेत सम्झनुपर्दछ ।

(ल) "अन्तिम जाँच" भन्नाले सामुदायिक वनको कुनै खण्ड, उप-खण्ड, वा प्लट मा समूह आफैले वा इजाजत प्राप्त व्यक्ति, संस्था वा उद्योगले निजलाई प्राप्त निश्चित अवधिभित्र तोकिएको प्रक्रिया र शर्तअनुसार काठ दाउरा सङ्कलन गरेको गरेको छ वा छैन र सो कार्य गर्दा अन्य रूख बिरुवालाई हानि-नोक्सानी पुऱ्याएको छ छैन, सो समेत यकिन गर्न इजाजत प्राप्त व्यक्ति, संस्था वा उद्योगको प्रतिनिधिको रोहवरमा उपभोक्ता समूहको पदाधिकारी र इलाका वन कार्यालय वा सेक्टर वन कार्यालयका कर्मचारीबाट संयुक्त रूपमा गरिने सम्वन्धित खण्ड, उप-खण्ड, प्लट वा कुपको जाँच सम्झनुपर्दछ ।

## परिच्छेद-२
## वन पैदावारको माग सङ्कलन र लगत तयारी

३. **वन व्यवस्थापनका सबै कार्यहरू गर्नुपर्ने** : (१) वनको दिगो व्यवस्थापन तथा सदुपयोग सुनिश्चित गर्न वन कार्ययोजनाले निर्दिष्ट गरे अनुसार वन व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्यहरु तोकिएकै समयमा सम्पन्न गर्नुपर्नेछ । यस्ता कार्यहरुको कार्यसम्पन्न प्रतिवेदन समुहको वार्षिक प्रतिवेदनसाथ समयमै जिल्ला वन कार्यालयमा पेश गरेको हुनुपर्नेछ ।

(२) वार्षिक रूपमा वन व्यवस्थापन सम्बन्धी कार्यहरू सम्पन्न गर्ने समुहले आफ्नो विधान र कार्ययोजनाले तोकेको परिमाण, बिवरण तथा क्षेत्रबाट यस निर्देशिका बमोजिमको वनपैदावार सङ्कलन तथा बिक्री वितरणको कार्य गर्न सक्नेछ ।

४. **वन पैदावार सङ्कलन गर्ने समय** : (१) उपभोक्ता समूहले काठ दाउराका लागि वनमा कटान, मुछानको कार्य प्रत्येक वर्षको कार्तिक १ गतेदेखि जेष्ठ १५ गतेसम्म गरिसक्नु पर्नेछ ।
तर, ढुवानी गरी घाटगद्दीमा संकलन गर्ने काम जेठ मसान्त सम्म गर्न सकिनेछ ।

(२) प्राकृतिक विपत्ति (बाढी, पहिरो, हावा हुरी, हिमपात, आगजनी आदि) का कारणले रूख ढली हानि- नोक्सानी वा सड्ने वा नासिने अवस्था आएमा त्यस्तो रूखको लगत लिई जिल्ला दैविक प्रकोप उद्धार समिति (जिल्ला प्राकृतिक विपद व्यवस्थापन समिति) को निर्णय साथ जिल्ला वन अधिकृतको सिफारिसमा वन विभागले सङ्कलन इजाजत दिनसक्नेछ । यसरी संकलन गर्न कार्ययोजनाले तोकेको वार्षिक संकलन परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन । यस्तो अवस्थामा वनको वृद्धि मौज्दात (Growing Stock) को पुर्नआंकलन गरी कार्ययोजनामा आवश्यक परिमार्जन गर्नुपर्ने छ ।

५. **वन पैदावारको वार्षिक माग सङ्कलन** : (१) उपभोक्ता समितिले वार्षिक रूपमा आफ्नो सामुदायिक वनवाट वन पैदावार सङ्कलन गर्नुपूर्व आफ्नो समूहका उपभोक्ताहरूको काठ, दाउरा र अन्य वन पैदावारको माग सङ्कलन गर्नुपर्नेछ र यस्तो कार्य वार्षिक साधारणसभा गर्नु पूर्व नै सम्पन्न गर्नुपर्नेछ ।

(२) उप-दफा (१) बमोजिम माग सङ्कलन गर्दा वन पैदावार माग गर्ने प्रत्येक उपभोक्ताको नाम, ठेगाना र माग गरिएको वन पैदावारको किसिम (काठ, दाउरा, वल्लावल्ली, जडिबुटीलगायत अन्य गैरकाष्ठसमेत) जात, परिमाण र त्यस्तो वन पैदावारको माग गर्नुको कारण समेत खुलाउन लगाउनुपर्छ ।

६. **वार्षिक रूपमा सङ्कलन गरिने वन पैदावारको लगत तयारी** : (१) उपभोक्ता समितिले आफ्ना घरधुरी सदस्यहरूले माग गरेको काठ दाउराको आवश्यकतालाई पुनरावलोकन गरेपछि हुन आउने जायज कुल परिमाणलाई सामुदायिक वनको कार्ययोजनामा स्वीकृत वार्षिक सङ्कलन गर्न सकिने परिमाणसँग भिडाई सामुदायिक वनबाट निकाल्न मिल्ने काठ, दाउरा, बल्लाबल्ली, लगायतका वन पैदावारको लगत तयार गर्नुपर्नेछ ।

(२) सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएबमोजिम आगामी आर्थिक वर्षमा सङ्कलन गरी आन्तरिक सदुपयोग गर्ने र समूह वाहिर तथा व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गरिने वन पैदावारको विवरण सकभर चालु आर्थिक वर्षको साधारणतया माघ मसान्तभित्र साधारण सभाबाट

पारित गराई **अनुसूची-१** बमोजिमको ढाँचामा सम्बन्धित इलाका वन कार्यालय/सेक्टर वन कार्यालय मार्फत जिल्ला वन कार्यालयमा जानकारी पठाउनुपर्नेछ ।

## परिच्छेद-३
## रूख छपान, कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्दी

७. **वार्षिक कटानको परिमाणलाई आधार मानी प्लट निर्धारण** : (१) सामुदायिक वनको वन पैदावार सङ्कलन गर्दा सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएबमोजिमको खण्ड/उप-खण्डमा सङ्कलन गर्न सकिने भनी तोकिएका प्रजातिहरू मध्येबाट सङ्कलन गर्न मिल्ने परिमाणको अधिनमा रही वन पैदावार सङ्कलन गर्ने प्लट निर्धारण गर्नुपर्नेछ ।

(२) उप-दफा (१) बमोजिम वन पैदावारको सङ्कलनका लागि प्लट निर्धारण गर्दा पानी मुहान, खोला र नदी किनारको क्षेत्र, भू-क्षय तथा पहिरो वरिपरिको भू-भाग, चुरे क्षेत्रमा अति सम्वेदनशील भू-भाग भनी किटान भएको क्षेत्र, अति भिरालो क्षेत्र, जैविक विविधता र सांस्कृतिक दृष्टिकोणले संरक्षण गरिनु पर्ने रूख सहितको क्षेत्र र अध्ययन-अनुसन्धान गर्ने क्षेत्र आदिलाई समावेश गर्नुहुँदैन ।

८. **कटानका लागि रूख छनौटमा प्राथमिकता** : (१) सामुदायिक वनबाट काठ र दाउरा सङ्कलनको लागि कटान गर्न रूखहरू छनौट गर्दा ढलापढा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बाङ्गोटिङ्गो, अति बुढो रूखहरूलाई क्रमिक रूपमा प्राथमिकता दिनुपर्नेछ ।

(२) प्लटबाट यस्ता रूखहरू हटाउँदा कार्ययोजनामा उल्लेख भएबमोजिम वार्षिक रूपमा निकाल्न सकिने परिमाण नपुग हुने भएमा निर्धारित प्लटमा छत्र घनत्व बढी भई विभिन्न उमेर समूहका रूख बिरुवाहरूको वृद्धि विकास अवरुद्ध गरिरहेका जीवित रूखहरू कटानको लागि छनौट गर्नुपर्नेछ ।

(३) उप-दफा (२) अनुसारका रूखहरूले पनि नपुग्ने भई थप रूख हटाउनुपर्ने भएमा पुनरुत्पादनको अवस्था हेरी एकै प्रजातिको वनमा प्रति हेक्टर कम्तिमा २५ र दुई वा बढी प्रजाति मिश्रित वनमा जातअनुसार ५ देखि १० गुणस्तरीय माऊ रूखहरू सकभर समदूरीमा रहने गरी छोडी कार्ययोजनाले सिफारिस गरेका अन्य थप परिपक्व रूखहरू छनौट गर्न सकिनेछ ।

९. **रूख छपान तथा छपान मूल्याङ्कन** : (१) उपभोक्ता समूहको आन्तरिक खपत वा व्यापारिक प्रयोजनका लागि दफा ८ अनुसार कटान गर्न छनौट गरिएका रूखहरू छपान गर्दा जिल्ला वन कार्यालय मातहतको कम्तिमा राजपत्र अनंकित प्रथम श्रेणीका वन प्राविधिक (रेन्जर वा सो सरह) वा समूहले नियुक्ती गरेको वन प्राविधिक (रेन्जर वा सो सरह) को सहयोगमा प्रत्येक रूखमा दुई ठाउँमा ६"x ६" को ब्लेज बनाई नम्बर चढाउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिमको बनाइने ब्लेज रूखको फेदमा (भुइँदेखि ६ इन्चसम्म) र छातीको उँचाइ (रूखको फेद देखि साढे चार फीट उँचाइ) मा हुनुपर्नेछ ।

(३) दुवै ब्लेज एक अर्कोको विपरित दिशामा हुनुपर्नेछ र दुवै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई इनामेलले छपान नम्बर लेख्नुपर्नेछ । ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएको अवस्थामा भएका रूखहरूमा विपरित दिशामा ब्लेज बनाउन सम्भव नभए दुवै ब्लेजहरू एकै तर्फ पर्नेगरी ब्लेज बनाई छपान गर्न सकिनेछ ।

(४) रूख छपान पश्चात् वन प्राविधिकको सहयोगमा प्रत्येक रूखको जात, व्यास, उँचाइ, अवस्था र गुणस्तरको मापन गरी **अनुसूची-२** अनुसारको ढाँचामा छपान रजिष्टर तयार गर्नुपर्नेछ ।

(५) छपान रजिष्टरको आधारमा **अनुसूची-३** अनुसारको ढाँचामा छपान तेरिज तयार गर्नुपर्नेछ ।

(६) छपान तेरिजको आधारमा **अनुसूची-४** अनुसारको ढाँचामा स्थानीय आयतन तालिकाको सहयोगले मूल्याङ्कन गरी उत्पादन हुने काठ दाउराको परिमाण यकिन गर्नुपर्नेछ र यसरी यकिन गर्दा कार्ययोजनामा स्वीकृत परिमाण भन्दा बढी भएमा त्यस्तो बढी भएको परिमाण बराबरको छपानको लागि गरिने नम्बरिङ्ग रद्द गर्नुपर्नेछ ।

(७) सामान्यतया रूखको छपान गर्दा वन उपभोक्ता समूह र जिल्ला वन कार्यालय दुबैको टाँचा संयुक्त रूपमा लगाउनुपर्नेछ ।
तर, मध्य पहाडी, उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा आन्तरिक खपतका लागि छपान कार्यमा सामुदायिक वन उपभोक्ता समुहको मात्र टाँचा लगाउन सकिनेछ ।

**(१०) छपान चेकजाँच** : (१) रूख छपान गर्ने कार्य सम्पन्न भएपछि उपभोक्ता समूहले सोको जानकारी इलाका वन कार्यालय मार्फत सेक्टर वन कार्यालयलाई दिनुपर्नेछ र सो जानकारी प्राप्त भएको ७ दिनभित्र उक्त कार्यालयले कार्ययोजना बमोजिम छपान भए नभएको यकिन गर्न उपभोक्ता समितिका पदाधिकारीको रोहवरमा छपान गरेका रूखहरूमध्ये २५ प्रतिशत छपान चेकजाँच गरी **अनुसूची-५** बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्नेछ । सेक्टर वन कार्यालयबाट प्रतिवेदन प्राप्त भएपछि जिल्ला वन कार्यालयले १० प्रतिशत छपान चेक जाँच गनुपर्नेछ । सेक्टर वन कार्यालय नरहेको जिल्लाको हकमा इलाका वन कार्यालयले २५ प्रतिशत र जिल्ला वन कार्यालयबाट १० प्रतिशत छपान चेक जाँच गनुपर्नेछ ।

(२) उप-दफा (१) बमोजिम सेक्टर वन कार्यालय वा इलाका वन कार्यालयबाट प्रतिवेदन पेश भएपश्चात् जिल्ला वन अधिकृतले त्यस्तो छपान मूल्याङ्कनका बारेमा थप चेकजाँच गर्न आवश्यक देखेमा आफै वा मातहतका अधिकृतमार्फत चेकजाँच गर्न सक्नेछ । छपान कार्य त्रुटीपूर्ण (रूखको गोलाइ, उँचाइ र क्लास आदी नमिलेको) भएमा वा कार्ययोजनाको परिधिभित्र छपान कार्य नभएको देखिएमा सोमा सुधार गर्न सम्बन्धित उपभोक्ता समूह र मातहत कार्यालयलाई ७ दिनभित्र आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम जिल्ला वन कार्यालयले दिएको निर्देशन इलाका वन कार्यालय र उपभोक्ता समूहले अनिवार्य रूपमा पालना गनुपर्नेछ ।

(४) जिल्ला वन कार्यालयले दिएको निर्देशन पालना नगरी छपान कार्य सुधार नगर्ने सो कार्यमा संलग्न उपभोक्ता समूहका पदाधिकारी र वन प्राविधिक दुबैलाई प्रचलित कानुन अनुसार दण्ड सजाय हुनेछ ।

**११. आन्तरिक खपतका लागि काठ/दाउरा सङ्कलन सहमति** : छपान र मूल्याङ्कन सम्बन्धमा जिल्ला वन कार्यालयको कुनै कैफियत भए सोमा सुधार गरेपछि आन्तरिक खपतको लागि मात्र भए काठ, दाउरा र वल्लावल्ली कटान र सङ्कलनको लागि समूहले इलाका वन कार्यालयको सहमति लिनुपर्नेछ ।

**१२. व्यापारिक प्रयोजनको लागि काठ/दाउरा सङ्कलनको सहमति लिनुपर्ने**

आन्तरिक खपतलगायत व्यापारिक प्रयोजनको लागि पनि कटान गर्नुपर्ने भएमा समूहले काठ/दाउराको सङ्कलनको लागि **अनुसूची-६** मा उल्लिखित विवरणहरू खुलाई सम्बन्धित इलाका वन कार्यालयमार्फत जिल्ला वन कार्यालयबाट सहमति लिनुपर्नेछ । इलाका वन कार्यालयले आवश्यक

परेमा थप पुष्ट्याँइ र आफ्नो स्पष्ट रायसाथ ७ दिन भित्र सेक्टर कार्यालयमा सिफारिस गर्नुपर्नेछ । यसरी प्राप्त छपान मूल्याङ्कन सहितको निवेदनलाई सेक्टर कार्यालयले शिघ्र जिल्ला वन कार्यालयमा आफ्नो सिफारिस सहित पठाउनु पर्नेछ । सेक्टर कार्यालय नरहेको जिल्लामा इलाका वन कार्यालयले सोभै जिल्ला वन कार्यालयमा सिफारिस पठाउन सक्नेछ ।

१३. <u>जिल्ला वन कार्यालयले सङ्कलन सहमति उपलब्ध गराउनुपर्ने</u> : सम्बन्धित इलाका वन कार्यालय/सेक्टर कार्यालयबाट दफा १२ अनुसार सिफारिस भई आएको रूख कटान तथा काठ दाउरा सङ्कलन सहमतिको मागलाई जाँचबुझ गर्दा ठीक देखेमा जिल्ला वन कार्यालयले **अनुसूची-७** बमोजिमको ढाँचामा ७ दिन भित्र सम्बन्धित समूहलाई रूख कटान सहमति उपलब्ध गराउनुपर्नेछ ।

१४. **<u>रूखहरूको कटान मुछान</u>** : (१) कार्ययोजना अनुसार निर्धारित प्लटमा कटान प्रयोजनका लागि छपान भएका र सोमध्ये सहमति प्राप्त गरिएका रूखहरू मात्र कटान गर्नुपर्नेछ ।

(२) सामुदायिक वनमा रूख कटान, मुछान तथा संकलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक र मानवीय स्रोत परिचालन गरी गर्नुपर्नेछ र यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रूपमा रकम लिन पाइने छैन । तर, यस प्रयोजनको लागि उपभोक्ता समूहले वित्तीय संस्थाबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

(३) रूख कटान, मुछान र ढुवानी कार्यका लागि उपभोक्ता समूहले आफ्नै समूहका स्थानीय उपभोक्तालाई पारिश्रमिक दिई परिचालन गर्न प्राथमिकता दिनुपर्नेछ । यसो गर्दा जिल्ला दररेट भन्दा बढि पारिश्रमिक दिन पाइने छैन ।

(४) छपान गरेको रूख कटान गर्दा बोट बिरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नुपर्नेछ र रूख कटान गर्दा तल्लो छपान ब्लेज प्रष्ट रूपमा देखिने गरी छोड्नुपर्नेछ ।

(५) कटान भएका रूखका ठुटामा समूहको टाँचा लगाई कटानको क्रमअनुसार ठुटा नम्बर समेत लेख्नुपर्नेछ ।

(६) छपान भएका रूख बाहेक अन्य रूख कटान गरिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई जिल्ला वन कार्यालयले प्रचलित कानुन अनुसार दण्ड सजाय र जरिवाना समेत गर्नेछ ।

१५. **<u>काठ दाउरा कटान मुछानको दररेट</u>** : उपभोक्ता समूहले काठ दाउरा कटान, मुछान, सङ्कलन तथा ढुवानीका लागि आफ्नै स्रोत साधन परिचालन गर्न नसक्ने अवस्था भई यस्तो कार्य आफै नगरी ठेक्कापट्टाबाट गराउने भएमा सम्बन्धित जिल्लामा सोही प्रयोजनको लागि निर्धारण भएको दररेटको अधिनमा रही काठ दाउराको कारोवार गर्ने व्यक्ति वा सङ्घ, संस्था वा फर्म बीच घटाघट गराई तय गर्नुपर्नेछ ।

१६. **<u>गोलिया काठ र दाउराको नाप पैमाइस</u>** : (१) कटान भएका प्रत्येक रूखलाई उचित तरिकाले मुछान (गिण्डा) गरी बजारको माग अनुसार उपयुक्त साइजको हुने गरी गोलियाहरू तयार गर्नु पर्ने छ ।
तर, गोलिया र बल्लाबल्ली हुने काठलाई दाउरामा परिणत गर्न पाइने छैन ।

(२) गिण्डा पारिएका प्रत्येक गोलियाको गोलाइ र लम्बाइको नाप गर्नुपर्नेछ । काठको गोलाइको नाप साधारणतया बीचमा पर्ने गरी लिनुपर्नेछ र नाप गरिएको ठाउँमा चिन्ह लगाउनुपर्नेछ । गोलियामा धोंद र मक्किएको भाग भएमा नाप पैमाईस गर्दा सो कट्टी गर्नुपर्नेछ ।

(३) गोलिया काठको नाप पैमाइस र धोंद कट्टी गर्दा वन नियमावली २०५१ को अनुसूची २ लाई आधार मानी गर्नुपर्नेछ ।

**१७. <u>काठको वर्गीकरण</u>** : (१) कटान गरिएका गोलिया काठको वर्गीकरण गर्दा वन नियमावली २०५१ को अनुसूची २ अनुसार गर्नुपर्नेछ ।

(२) कटान गरिएका रूखहरूबाट निस्केका प्रत्येक गोलियाको सही नाप पैमाइस गरी सबै गोलिया काठको दुबै टक्करमा नमेटिने गरी गोलियाको नाप साइज (गोलाइ र लम्बाइ) का साथै सो माथि उक्त गोलिया निकालिएको रूख नम्बर, प्रत्येक गिण्डा नम्बर र गोलिया काठको वर्गिकरण (ग्रेड) (ए, बि, वा सी) इनामेलले वा नमेटिने प्रविधिले प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

(३) कटान क्षेत्रमा उत्पादन भएका सबै गोलिया काठ र दाउराको लगत र नाप पैमाइस **अनुसूची-८** बमोजिमको कटान रजिष्टर तयार गर्नुपर्नेछ ।

(४) काठको वर्गिकरणका लागि उपभोक्ता समूहमा प्राविधिक ज्ञान भएको वन प्राविधिक वा अनुभवी व्यक्ति नभएमा इलाका वन कार्यालयको वन प्राविधिक कर्मचारी वा अन्य कुनै स्थानीय वन प्राविधिकको सहयोग लिनुपर्नेछ ।

**१८. <u>काठ दाउरा ढुवानी र घाटगद्दी</u>** : (१) प्लटमा गोलिया काठ तयार भएपछि उपभोक्ता समूहले आफ्नै खर्चमा र सकेसम्म आफ्नै स्रोतसाधन र उपभोक्ता समूहका सदस्यहरू परिचालन गरी वनबाट घाटगद्दीमा काठ दाउरा ढुवानी गर्नुपर्नेछ र काठ दाउरा घाटगद्दी गर्ने स्थान सकेसम्म जङ्गल बाहिरको सुरक्षित ठाउँमा हुनुपर्नेछ ।

(२) काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुबैतर्फ समूहको टाँचा लगाउनुपर्नेछ र गोलिया काठमा समूहको टाँचा नलगाई ढुवानी गर्न पाइने छैन ।

(३) कटान वा सङ्कलन गरेको खण्ड, उप-खण्ड वा प्लटबाट घाटगद्दी गर्ने स्थानसम्म काठ दाउरा ढुवानी गर्दा **अनुसूची-९** बमोजिमको चलानीपूर्जी भरेर ढुवानी गर्ने सवारी चालक वा गोलिया काठ बोक्ने श्रमिकलाई दिइ पठाउनुपर्नेछ र त्यस्तो चलानीपूर्जीमा सम्बन्धित समूहको छाप र प्रतिनिधिको दस्तखत हुनुपर्नेछ ।

(४) चलानी पूर्जीअनुसार चलानी भई आएको काठ दाउरा सम्वन्धित समूहले तोकेको आधिकारिक व्यक्तिले घाटगद्दीमा बुझी आम्दानी बाध्नुपर्नेछ । यसरी आम्दानी बाँध्नुअघि प्रत्येक गोलियालाई पुनः नाप पैमाइस गरी फरक परेमा सच्याई **अनुसूची-१०** बमोजिमको ढाँचामा घाटगद्दी रजिष्टरमा चढाई व्यवस्थित तरिकाले काठको हकमा निश्चित साइजका धाङ र दाउराको हकमा चट्टा बनाई राख्नुपर्नेछ र यसरी नाप पैमाइस गरिएको घाटगद्दी रजिष्टरलाई उपभोक्ता समूहका अध्यक्षबाट प्रमाणित गराउनुपर्नेछ ।

(५) पहाडी क्षेत्र वा विकट क्षेत्रको प्लटबाट घाटगद्दीसम्म काठ ढुवानी गर्न गोलियालाई चिरान नगरी ढुवानी गर्न नसकिने अवस्था भएमा सम्बन्धित जिल्ला वन कार्यालयको अनुमति लिई स्थानीय अनुभवी आराकसीहरू परिचालन गरी हाते आराबाट गोलिया काठ चिरान गरी घाटगद्दी गर्नुपर्नेछ ।

(६) चिरान गरिएको गोलिया काठको नम्बर, नाप र सङ्ख्या तथा ती प्रत्येक गोलियाबाट निस्केको चिरान काठको नाप रजिष्टरमा छुट्टै लगत राखी डिपोमा आम्दानी बाध्नुपर्नेछ ।

(८) घाटगद्दीमा काठको धाङ बनाउन चाङ लगाउँदा सकेसम्म प्लटबाट प्राप्त चलानीको सिलसिला अनुसारका काठलाई लामो गोलिया सबै भन्दा तल र छोटो गोलिया माथि हुने गरी क्रमशः मिलाएर राख्नुपर्नेछ ।

(९) घाटगद्दीमा दाउराको चट्टा बनाउँदा वन नियमावली २०५१ को अनुसूची २ बमोजिम गर्नुपर्नेछ र जथाभावी थुप्रोमात्र लगाई राख्न पाइने छैन ।

(१०) घाटगद्दीमा रहेको काठ दाउरालाई आगलागीबाट जोगाउन, चोरी निकासी हुनबाट रोक्न र अन्य किसिमले काठ दाउरा नोक्सान हुन वा गुणस्तर ह्रास हुन नदिनका लागि उपभोक्ता समूहले हेरालु लगायतका उचित व्यवस्थाहरू मिलाउनुपर्नेछ ।

**१९. निरीक्षण गर्नुपर्ने** : (१) उपभोक्ता समूहले यस परिच्छेद बमोजिम रूख छपान, कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस आदि कार्य गर्दा स्वीकृत कार्ययोजना र वन सम्वन्धी कानुनको पालना गरे नगरेको विषयमा इलाका वन कार्यालयले समय समयमा सम्वन्धित प्लट र घाटगद्दीमा गई निरिक्षण गरी उपभोक्ता समूहलाई आवश्यक प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनुपर्नेछ ।

(२) निरिक्षण पश्चात् कामको प्रगति सेक्टर वन कार्यालय र जिल्ला वन कार्यालयमा पठाउनुपर्नेछ ।

(३) इलाका वन कार्यालयबाट गरिएको निरिक्षणको प्रतिवेदन प्राप्त भएपछि सेक्टर वन कार्यालय र सो नरहेको जिल्लामा जिल्ला वन कार्यालयले समूहले गरेको समग्र काम कारवाहीका बारेमा कम्तीमा एक पटक प्लट र घाटगद्दीको निरिक्षण गर्नुपर्नेछ । यसो गर्दा छपान भन्दा बढी रूख कटान भए नभएको, समूहले प्रदान गरेको काठ कटान र ढुवानीको दररेट जिल्लामा निर्धारित दररेटको परिधि भित्र रहे नरहेको सम्बन्धमा जाँचबुझ तथा काठको बर्गीकरण राम्रोसँग भए नभएको विषयमा सेक्टर कार्यालये २५ प्रतिशत चेक जाँच र सेक्टर कार्यालय न भएको जिल्लामा जिल्ला वन कार्यालयबाट ५ प्रतिशत चेक जाँच गर्नुपर्नेछ ।

**२०. सङ्कलन क्षेत्रको अन्तिम जाँच** : (१) समूहले काठ दाउरासम्वन्धी काम गर्ने सेवा प्रदायक व्यक्ति, सङ्घ, संस्था वा फर्ममार्फत काठ दाउरा सङ्कलन गराएको प्लटमा सेक्टर वन कार्यालय/जिल्ला वन कार्यालयका अधिकृत कर्मचारीको संलग्नतामा काम सम्पन्न भएको एक महिना भित्र सम्वन्धित काठ दाउराको कारोवार गर्ने व्यक्ति, सङ्घ, संस्था वा फर्मको प्रतिनिधिलाई रोहवरमा राखी **अनुसूची-११** बमोजम अन्तिम जाँच गराउनुपर्नेछ ।

(२) उप-दफा (१) बमोजिम जाँच गर्दा यस निर्देशिकाअनुसार भएको नपाइएमा प्रचलित ऐन बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद ४
## उपभोक्ता समूहमा आन्तरिक खपतका लागि काठ दाउरा बिक्री-वितरण

२१. <u>आन्तरिक खपतको प्रयोजन</u> : (१) उपभोक्ता समूहमा आन्तरिक खपतका लागि काठ दाउरा बिक्री-वितरण गर्दा देहाय अनुसारको काम वा प्रयोगलाई आन्तरिक खपत प्रयोजन अन्तरगत मानी बिक्री-वितरण गर्न सकिनेछ ।

**(क) घरकाज** : घरकाजका लागि काठ दाउरा उपलब्ध गराउँदा घर तथा गोठ निर्माण वा मर्मत र घरायसी प्रयोजनका लागि हलो जुवा लगायतका कृषि औजार र फर्निचर निर्माणका लागि उपलब्ध गराउनु पर्नेछ र यस प्रयोजनका लागि उपलब्ध गराउने काठ दाउराको परिमाण सम्बन्धित उपभोक्ता समूहको विधान र कार्ययोजनामा उल्लेख गरिए बमोजिम हुनेछ ।

**(ख) प्राकृतिक विपत्ति** : उपभोक्ता समूहमा सदस्य रहेका घरधुरी प्राकृतिक विपत्तिमा परी घर गोठ वा आवास क्षति भएमा सोको पून:निर्माण वा मर्मतका लागि सम्बन्धित उपभोक्ता समूहको कार्ययोजना बमोजिम वा कार्ययोजनामा नतोकिएकोमा क्षतिको अवस्था र काठ दाउराको उपलब्धतालाई मध्यनजर गर्दै आवश्यकता अनुसारको काठ रोयल्टी रेटको १० प्रतिशत मूल्य लिई तत्काल उपलब्ध गराउनु पर्नेछ ।

**(ग) दाह संस्कार** : दाह संस्कारको प्रयोजनका लागि उपभोक्ता समूहका सदस्य घरधुरीलाई उपलब्ध भएसम्म कार्ययोजनामा उल्लेखभए बमोजिम दाउरा उपलब्ध गराउनु पर्नेछ र उपभोक्ता समूह बाहेक अन्य क्षेत्रका घरधुरीलाई दाहसंस्कार प्रयोजनका लागि दाउरा उपलब्ध गराउन सक्ने भएमा सम्बन्धित समूहले आफ्नो कार्ययोजनामा उल्लिखित न्यूनतम् दरमा दाउरा उपलब्ध गराउन सक्नेछ ।

**(घ) धार्मिक कार्य** : उपभोक्ता समूह भित्र वा समूह रहेका गाउँ विकास समिति/नगरपालिका भित्र सञ्चालन हुने धार्मिक कार्य, धर्मशाला वा वृद्धाश्रम निर्माणका लागि काठ, बल्लाबल्ली वा दाउरा माग भएमा उपभोक्ता समितिले यस्ता वन पैदावारको उपलब्धता हेरी उचित मूल्य निर्धारण गरी उपलब्ध गराउन सक्नेछ ।

**(ङ) विकास निर्माण** : (१) उपभोक्ता समूहको क्षेत्र भित्र साधारण सभाद्वारा वार्षिक रूपमा स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समूहबाट जनश्रमदानमा सञ्चालन हुने विकास निर्माण कार्यको लागि लगत राखी आवश्यक काठ प्रयोग गर्न सकिनेछ र यसरी समूहले गरेको योगदानको पारदर्शी रूपमा लगत इष्टिमेट अनुसार अभिलेख राखिएको हुनुपर्नेछ ।

(२) समुह भित्र आन्तरिक खपतका लागि काठ दाउरा विक्री वितरण गर्दा समुहका गरिव तथा विपन्न परिवारलाई प्राथमिकता दिनुपर्नेछ ।

२२. <u>उपभोक्ता समूहका सदस्यहरूका लागि काठ दाउरा बिक्री-वितरण</u> : (१) उपभोक्ता समूहले आफ्ना घरधुरी सदस्यहरूबाट सङ्कलन गरेको काठ दाउराको जायज माग र कार्ययोजना अनुसार वार्षिक रूपमा आपूर्ति हुन सक्ने काठ दाउराको परिमाणलाई मध्यनजर गर्दै काठ दाउरा उपलब्ध गराउनु पर्ने घरधुरीहरूको स्पष्ट विवरण तयार गर्नुपर्नेछ ।

(२) उपभोक्ता समूहले आफ्ना घरधुरी सदस्यहरूका बीच काठ दाउरा बिक्री वितरण गर्दा आपूर्ति भन्दा माग बढी भई घरधुरीहरू बीच काठ दाउरा वितरण र उपयोगको प्रयोजनमा प्राथमिकिकरण गर्नुपर्ने भएमा देहाय बमोजिमको प्रयोजन अनुसार घरधुरीहरूको प्राथमिकिकरण गरी काठ दाउरा बिक्री वितरण गर्नुपर्नेछ :

(क) **पहिलो प्राथमिकता** : दाह संस्कार र समूहभित्र प्राकृतिक विपत्ति परी काठ दाउरा अत्यावश्यक भएका घरधुरी ।

(ख) **दोस्रो प्राथमिकता** : घरायसी प्रयोजनका लागि हलो जुवा लगायतका कृषि औजार निर्माण ।

(ग) **तेस्रो प्राथमिकता** : आवास तथा गोठ निर्माण वा मर्मत सम्भारका लागि विगतका वर्षहरूमा काठ दाउरा माग गरी आएका तर काठ दाउरा पाउन नसकेका घरधुरी ।

(घ) **चौँथो प्राथमिकता** : धार्मिक कार्य, धर्मशाला वा वृद्धाश्रम निर्माण ।

(ङ) **पाँचौं प्राथमिकता** : घरायसी प्रयोजनका लागि फर्निचर लगायतका सामाग्रीहरूको निर्माण ।

**२३. उपभोक्ताको लागि काठ दाउराको मूल्य निर्धारण** : (१) उपभोक्ता समूहमा रहेका आफ्ना उपभोक्ताको घरकाजको लागि उपलब्ध गराइने काठ दाउराको अधिकतम् मूल्य कार्ययोजनामा तोक्दा साधारणतया वन नियमावली २०५१ को अनुसूची २ मा उल्लिखित मूल्यमा समूहको लागत खर्च जोडी कायम हुने मूल्य भित्र रहने गरी निर्धारण गर्नुपर्नेछ ।

तर, कुनै समूहले बजार मूल्यलाई मध्यनजर गरी उल्लिखित मूल्य भन्दा पनि बढी लिने गरी साधारण सभाबाट पारित गराई बिक्री वितरणको मूल्य निर्धारण गरेमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**२४. परम्परागत पेशा र संस्कृतिको लागि काठ दाउरा उपलब्ध गराउने** : (१) उपभोक्ता समूहले आफ्नो समूहभित्र रहेका गरीब तथा विपन्न घरधुरीलाई गोल बनाउने जस्ता परम्परागत पेशालाई निरन्तरता दिने कार्यमा सघाउनको लागि जराठुटा, दाउरा र हाँगा बिंगाबाट केही दाउरा सहुलियत दरमा उपलब्ध गराउनसक्नेछ ।

(२) उपभोक्ता समूहभित्रका आदिवासी जनजाति र महिलाहरूले सांस्कृतिक प्रयोजनका लागि उपयोग गर्ने वन पैदावार प्रयोग गर्दा कार्ययोजनामा व्यवस्था गरी उपलब्ध गराउनुपर्नेछ ।

**२५ गोलिया तथा चिरान काठ बिक्री वितरण** : (१) उपभोक्ता समूहले आफ्ना सदश्य घरधुरीको घरकाजका लागि कार्ययोजनामा तोकिएको मूल्य लिई सकभर गोलिया काठ नै उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समूहले आफ्ना सदस्य घरधुरीलाई घरायसी खपतका लागि काठ बिक्री वितरण गर्दा गोलिया वितरण गर्न सम्भव नभए सम्वन्धित ईलाका वा सेक्टर वन कार्यालयको निगरानीमा चिरान गरी तयार भएको चिरान काठ बिक्री वितरण गर्न सक्नेछ ।

(३) स्वीकृत कार्ययोजनाबमोजिम उपभोक्ता समूहभित्रका घरधुरी सदस्यलाई साधारण सभाको निर्णयअनुसार वन पैदावार बिक्री वितरण गर्न जिल्ला वन कार्यालयको सहमति लिनुपर्ने छैन ।
तर, सो को वार्षिक विवरण इलाका वन कार्यालय तथा जिल्ला वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२६. **व्यापारिक प्रयोजनका लागि बिक्री गर्न नपाइने** : (१) उपभोक्ता समूहका जुनसुकै घरधुरी सदस्यले यस परिच्छेद बमोजिम घरकाजको खपतका लागि उपभोक्ता समूहबाट प्राप्त गरेको काठ दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्न पाइने छैन ।

(२) उप-दफा (१) विपरित कुनै उपभोक्ताले घरकाजको लागि प्राप्त गरेको काठ दाउरा आफै प्रयोग नगरी बिक्री वितरण गरेको फेला परेमा समूहले त्यस्ता उपभोक्तालाई विधानअनुसार कारवाही गरी निश्चित् अवधिसम्म काठ दाउरा आपूर्तिमा बन्देज लगाउनसक्नेछ ।
तर, उपभोक्ता समूहका घरधुरीले आफ्नो परम्परागत सीप प्रयोग गरी तयार गरेको सामान्य कृषि औजार, डोकोडालो, थुन्से, चित्राका सामानहरू, नाम्लो-दाम्लो लगायतका डोरीहरू, काठका भाडा लगायतका काठ/बाँस/निगालाबाट बनाइने सांस्कृतिक महत्वका कलात्मक वस्तुहरू र परम्परागत पेशा र संस्कृतिसँग जोडिएका वस्तुहरूको उत्पादन र बिक्री वितरण गर्दा उप-दफा (१) विपरित भएको मानिने छैन ।

२७. **सम्पन्नता स्तरीकरण र वन पैदावार आपूर्तिमा सहुलियत** : (१) उपभोक्ता समूहले आफ्नो समूहभित्रका विपन्न वर्गका लागि काठ दाउरा उपलब्ध गराउदा उपभोक्ता समूहका घरधुरीहरूको सम्पन्नता स्तरीकरण गरी आमसहमतिमा विपन्न घरधुरीको पहिचान गरिएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका विपन्न परिवारका लागि कार्ययोजनामा उल्लेख भएमा सोहीबमोजिम र नभए सहुलियत मूल्यमा काठ दाउरा उपलब्ध गराउनुपर्नेछ ।

(३) उपभोक्ता समूहले विपन्न परिवारका लागि काठ उपलब्ध गराउँदा समूहको तर्फबाट सकभर चिरान काठ उपलब्ध गराउनुपर्नेछ र यस्तो चिरान काठ तयार गर्दा लागेको खर्च उपभोक्ता समूहले आफ्नो कोषमा सञ्चित रकम भएमा सोहीबाट व्यहोर्नुपर्ने र नभएमा सम्वन्धितलाई तिर्न लगाउनेछ ।

(४) उपभोक्ता समूहले आफ्नो समूहमा भएका घरधुरी मध्ये एकासगोलमा वृद्धवृद्धा मात्र भएका घरधुरी, विधुवा मात्र तथा एकल महिला मात्र भएका धरधुरी र विभिन्न द्वन्द्वमा परी अविभावक गुमाएका टुहुराटुहरी मात्र भएका घरधुरीका लागि आवश्यक पर्ने चिरान काठ र दाउरा उपलब्ध भएसम्म एक पटकका लागि नि:शुल्क रूपमा र त्यसपछि न्यायोचित मूल्यमा प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद-५
# सामुदायिक वनको काठ दाउरा समूह बाहिर बिक्री-वितरण

२८. **समूह बाहिर काठ दाउरा बिक्री-वितरण** : उपभोक्ता समूहमा आन्तरिक खपत भई बढी भएका काठ दाउरा समूह बाहिर विक्री वितरण गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(१) उपभोक्ता समूहले आफ्नो समूहमा विक्री वितरण गरी बाँकी रहेपछि त्यस्ता काठ दाउरा वन नियमावली २०५१ को अनुसूची २ बमोजिमको न्यूनतम् मूल्यमा कटान, मुछान, ढुवानी र अन्य अत्यावश्यक खर्चसमेत जोडी कायम हुन आउने मूल्यमा जिल्ला वन पैदावार आपूर्ति समिति सञ्चालनमा रहेका जिल्लाहरूमा समूह बाहिर बिक्री वितरणको लागि छुट्याइएको काठमध्ये कम्तिमा २५ प्रतिशत र दाउरा ४० प्रतिशतसम्म सम्वन्धित जिल्लाको जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समूहले आफ्नो समूहको क्षेत्र बाहिर काठ उत्पादन नहुने छिमेकी उपभोक्ता समुहमा, सामुदायिक वन भएका वा नभएका आफ्नै गाउँ विकास समिति/नगरपालिकामा रहेका उपभोक्तालाई काठ दाउराको उपलब्धता र मागको अवस्थालाई मध्यनजर गर्दै काठ दाउरा उपलब्ध गराउन सक्नेछ ।

(३) आन्तरिक तथा छिमेकी समुहमा खपत नभएका काठ दाउरा व्यापारिक प्रयोजनका लागि विक्री गर्न सकिनेछ । यसरी व्यापारिक प्रयोजनका लागि काठ विक्री गर्दा समुहमा मौज्दात चिरान वा गोलिया दुवै किसिमको काठ विक्री वितरण गर्न सकिने छ ।

(४) उपभोक्ता समूहले घरकाजको लागि सकेसम्म गोलिया काठ नभए चिरान काठ र समूह बाहिर व्यापारिक प्रयोजनका लागि सकभर गोलिया काठ नै विक्री गर्नु पर्नेछ ।

(५) समूहले व्यापारिक प्रयोजनका लागि काठ दाउरा विक्री गर्दा बोलपत्र आव्हानको माध्यमबाट बिक्री गर्नुपर्नेछ ।

२९. **व्यापारिक प्रयोजनको लागि बिक्री गर्नुपूर्व जिल्ला वन कार्यालयसँग सहमति लिनुपर्ने** : दफा २८ अनुसार बिकी गरिने काठ दाउराको लगत तयार गरी इलाका वन कार्यालय/सेक्टर कार्यालयमार्फत **अनुसूची-१२** बमोजिमको विवरण खुलाई जिल्ला वन कार्यालयमा विक्री गर्न समूहले सहमति माग गर्नुपर्नेछ ।

३०. **जिल्ला वन कार्यालयले सहमति दिनुपर्ने** : इलाका वन कार्यालयबाट सिफारिस भई आएको लगत सहितको निवेदन जिल्ला वन कार्यालयमा प्राप्त भएपछि ठीक देखिएमा जिल्ला वन अधिकृतले ७ (सात) दिन भित्र **अनुसूची-१३** बमोजिमको ढाँचामा समूहलाई सहमति दिनुपर्नेछ ।

३१. **लिलाम बिक्रीको लागि लट कायम गर्नुपर्ने** : (१) जिल्ला वन कार्यालयबाट सहमति प्राप्त भएपछि **अनुसूची-१४** बमोजिमको काठ र दाउराको कुल परिमाणको आधारमा एक वा बढी लट बनाई इलाका वन कार्यालयबाट प्रमाणित गराइराख्नुपर्नेछ ।

३२. **लिलाम बिक्री गर्ने काठ, दाउराको न्यूनतम मूल्य निर्धारण** : समूहले लिलाम बिक्री गर्ने काठ, दाउराको न्यूनतम् मूल्य निर्धारण गर्दा काठ वा दाउराको लागि तोकिएको सरकारी जिल्ला दररेट वा सो नतोकिएको अवस्थामा जिल्ला वन कार्यालय, जिल्ला वन पैदावार आपुर्ति समिति, टिम्बर

कर्पोरसन अफ नेपाल आदिबाट भइरहेको बिक्री दरलाई समेत आधार लिनुपर्नेछ । यसरी तोकिने मूल्य राजस्व दर भन्दा घटी हुनुहुँदैन । काठ वा दाउराको सङ्कलन खर्च न्यूनतम मूल्यमा जोडी लिनु पर्नेछ ।

**३३ .वोलपत्र आह्वानबाट लिलाम बिक्री :** दफा २८ को उप-दफा (३) र (५) अनुसार बिक्री गर्ने वन पैदावार बोलपत्र आह्वान गरी लिलाम बिक्री गर्दा देहायका देहाय बमोजिम गर्नुपर्नेछ :

**(१) सूचना प्रकाशनको म्याद** : एक लाख रुपैंयासम्म मूल्याङ्कन भएको वन पैदावार लिलाम गर्नुपर्ने भएमा १५ दिनको म्याद र सो भन्दा बढी मूल्य पर्ने वन पैदावारको हकमा २१ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**(२) सूचना प्रकाशनको ढाँचा र तरिका** : बोलपत्र आव्हानको लागि प्रकाशित गरिने सूचना **अनुसूची-१५** बमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने तथा **अनुसूची-१६** बमोजिमको ढाँचामा कम्तिमा पनि जिल्ला स्थित जिल्ला वन कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, सम्बन्धित उपभोक्ता समूह, सम्बन्धित गाविसको कार्यालय, सेक्टर वन कार्यालयमा टाँस गर्न पठाउनुपर्छ ।

**(३) बोलपत्र आब्सनको सूचनामा खुलाउनुपर्ने विषय**

(क) बोलपत्र दाखिला गर्ने तरिका
(ख) बोलपत्र खरिद गर्न सकिने तथा दाखिला गर्न सकिने कार्यालय वा निकायको नाम ।
(ग) बोलपत्रवापत लाग्ने दस्तुर ।
(घ) बोलपत्र दाखिला गनुपर्ने अन्तिम मिति, समय र स्थान ।
(ङ) बोलपत्र खोलिने मिति, समय र स्थान ।
(च) अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कुरालाई मान्यता दिने कुरा ।
(छ) बोलपत्रसाथ दाखिला गर्नुपर्ने कागजातहरू ।
(ज) बिक्री सदर भएको मितिले १० दिन भित्र रकम बुझाउनुपर्ने विषय ।
(झ) बोलपत्र सदर भएको मितिले वन पैदावार उठाई लग्नुपर्ने अवधि ।
(ञ) बिक्री गरिने वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लानुपर्ने व्यहोरा ।
(ट) बोलपत्र मान्य नहुने अवस्था ।
(ठ) शर्त राखिएको बोलपत्र स्वीकृत नहुने कुराहरू ।
(ड) बोलपत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

**(४) बोलपत्र मान्य नहुने अवस्था :**

(क) खाम सिलबन्दी नभै प्राप्त हुनआएको बोलपत्र ।
(ख) सम्बन्धित वन समूहको छाप लागि प्रमाणित नभएको वा फोटोकपी गरी पेश गरिएको बोलपत्र ।
(ग) बोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अन्यको नामबाट पेश गरिएको बोलपत्र ।
(घ) बोलपत्रदाताको हस्ताक्षर (फर्म/कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
(ङ) सकार अङ्कको १० प्रतिशत धरौटी वापतको रकमको बैंक भौचर समावेश नभएको वा ६ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रूपमा पेश भएको बोलपत्र ।
(च) बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य सर्तहरू पूरा नभएको ।

(५) **बोलपत्र बिक्री गर्ने तरिका** :

(क) **अनुसूची-१७** बमोजिमको ढाँचामा तयार गरिएको बोलपत्र फाराम बिक्री गर्दा प्रत्येक बोलपत्र फाराममा सूचना प्रकाशित गर्ने समूहको अध्यक्ष वा अध्यक्षले तोकेको पदाधिकारीको दस्तखत र छाप लागेको हुनुपर्नेछ ।

(ख) बोलपत्र सम्बन्धित समूहको कार्यालय र जिल्ला वन कार्यालयबाट बिक्री गर्नुपर्नेछ ।

(ग) बोलपत्र फारम बिक्री गर्दा उपभोक्ता समूह वा अन्य निकायसमेतले सोही प्रयोजनको लागि राखिएको रजिष्टरमा खरीदकर्ताको नाम, ठेगाना र बिक्री गरिएको मिति उल्लेख गरी खरीदकर्ताको दस्तखतसमेत गराई निम्नानुसारको दस्तुर लिई बोलपत्र फारम बिक्री गर्नुपर्नेछ :

(१) रु. एक लाखसम्म न्यूनतम मूल्य कायम भएको वन पैदावारको लागि रु. ३००/-

(२) रु एक लाखदेखि १० लाखसम्म न्यूनतम मूल्य कायम भएको वन पैदावारको लागि रु. १०००/-

(३) रु. दसलाख भन्दा बढी न्यूनतम मूल्य कायम भएको वन पैदावारका लागि रु. २०००/-

(६) **बोलपत्र आह्वानको प्रतिस्पर्धामा भाग लिन पाउने व्यक्ति, फर्म, कम्पनी, उद्योग** :

निम्नानुसारका सर्त पूरा गर्ने व्यक्ति, फर्म, कम्पनी, उद्योगहरूले मात्र बोलपत्र आह्वानको माध्यमबाट वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छन् :

(क) काठको बोलपत्र आह्वानको प्रतिष्पर्धामा भाग लिने व्यक्तिको हकमा काठको कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्बर (PAN) लिएको र फर्म, कम्पनी, उद्योग वा सङ्घ संस्थाका हकमा आयकर दर्ता र मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्रसमेत प्राप्त गरेको हुनुपर्ने ।

(ख) काठबाहेकका अन्य वन पैदावारको बोलपत्र आह्वानको प्रतिस्पर्धामा भाग लिने व्यक्ति वा वन पैदावारको उद्योग व्यवसाय गर्ने फर्म, कम्पनी, उद्योग वा सङ्घ संस्थाले स्थायी लेखा नम्बर (PAN) वा आयकर दर्ता र मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ग) वन पैदावार चोरी तस्करीमा अभियोग लागेको वा सजाय पाएको व्यक्ति, फर्म वा कम्पनी वा उद्योगले बोलपत्रको प्रतिस्पर्धामा भाग लिन पाउने छैन ।

(घ) सरकारी वा अर्ध सरकारी कार्यालयले बोलपत्रको प्रतिस्पर्धामा भाग लिएमा स्थायी लेखा नम्वर (PAN) वा आयकर दर्ता र मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने छैन ।

(७) **बोलपत्र दर्ता र प्रमाणित गर्ने** :

सूचनामा प्रकाशित मिति र समय भित्र पर्न आएका बोलपत्रहरूलाई वन उपभोक्ता समितिले छुट्टै रजिष्टरमा दर्ता गरी बोलपत्र दर्ताको समय समाप्त भएपछि समयभित्र दर्ता भएका सम्पूर्ण बोलपत्रहरू सुरक्षित रुपमा राखी बोलपत्र दर्ता रजिष्टरमा समूहको अध्यक्षले प्रमाणित गरी बन्द गर्नुपर्नेछ । त्यसैगरी जिल्ला वन कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरू उपभोक्ता समूहले सङ्कलन गरी उल्लेखित प्रक्रिया बमोजिम नै दर्ता गर्नुपर्नेछ ।

(८) **सिलबन्दी बोलपत्र खोल्ने तरिका** : दर्ता भएका सिलबन्दी बोलपत्रहरू खोल्दा देहायबमोजिमको प्रक्रिया अपनाई खोल्नुपर्नेछ :

(क) बोलपत्र खोल्ने दिन, समय र स्थान तोकी सम्बन्धित इलाका वन कार्यालय, गाउँ विकास समिति वा नगरपालिका, नजिकको अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई बोलाउनुपर्नेछ ।

(ख) बोलपत्र खोलिने स्थान र समयमा बोलपत्रदाता र बोलाइएको प्रतिनिधि उपस्थित नभए पनि रीतपूर्वक दर्ता भएका बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(ग) सूचनाबमोजिम रीतपूर्वक पर्न आएका बोलपत्रहरू सूचनामा प्रकाशित भएअनुसारको स्थान, मिति र समयमा खोली सोको **अनुसूची-१८ को** ढाँचामा मुचुल्का बनाई उपस्थित बोलपत्रदाता तथा आमन्त्रित प्रतिनिधिहरू सबैको सहिछाप गराउनुपर्छ ।

(घ) समय भित्र दर्ता भई दाखिल भएका बोलपत्रहरू रीतपूर्वक भए नभएको जाँच गरी रीतपूर्वक परेकाको हकमा **अनुसूची-१९** को ढाँचामा तुलनात्मक तालिका बनाई त्यसमा सम्पूर्ण व्यहोरा उल्लेख गरी बोलपत्रदाता तथा सम्पूर्ण उपस्थित प्रतिनिधिहरूको सहिछाप गराउनुपर्दछ । रीत नपुगेकाको हकमा सोही व्यहोरा जनाई अलग्याएर राख्नुपर्दछ ।

(ङ) एक मात्र बोलपत्र पर्न आएमा सो बोलपत्रलाई नखोली कायमै राखी पुनः बोलपत्र आह्वान गर्नुपर्नेछ ।

(९) **बोलपत्रको मान्यता** : बोलपत्रको मान्यता र स्वीकृति प्रक्रिया देहायबमोजिम रहेको छ :

(क) पहिलो पटक प्रकाशित बोलपत्रको सूचनाअनुसार कम्तीमा ३ वटा बोलपत्रहरू रीतपूर्वक पेश हुन आएको अवस्थामा पूर्ण प्रतिस्पर्धा भएको मानिने छ ।

(ख) पहिलो पटक बोलपत्रको सूचना प्रकाशन गर्दा ३ वटा भन्दा कम बोलपत्र दर्ता भएमा दोस्रो पटक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(ग) दोस्रो पटक बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा पनि कुनै बोलपत्र पर्न नआएमा पहिलो पटकको सूचना अनुसार पर्न आएको रीतपूर्वकको बोलपत्रलाई नै पूर्ण प्रतिस्पर्धा भएको मानी उपस्थित प्रतिनिधिको रोहवरमा बोलपत्र खोल्न सकिनेछ ।

(घ) पहिलो पटक कुनै बोलपत्र नपरी दोस्रो पटकमा एउटा मात्र रीतपूर्वकको बोलपत्र दाखिल हुन आएमा त्यसलाई पनि पूर्ण प्रतिस्पर्धा भएको मानिनेछ ।

(१०) **बोलपत्रको स्वीकृति** : (क) रीतपूर्वक परेका बोलपत्रहरू मध्ये सबैभन्दा बढी रकम सकार गर्ने तीन जनाको धरौटी रकम रोकी क्रमशः प्रथम, दोस्रो र तेस्रो सकार अङ्कअनुसार सात दिन भित्र कुनै उजुरी परे सो समेतलाई विचार गरी बढी सकारवालाको नाममा बोलपत्र स्वीकृत गरी १० दिन भित्र रकम जम्मा गर्न निजलाई जानकारी दिनुपर्नेछ ।

(ख) उपर्युक्त (क) बमोजिमको अवधि भित्र रकम जम्मा नगरेमा वा मनासिव माफिकको कारण देखाई जनाउ नदिएमा निजको धरौटी रकम जफत गरी दोस्रो सकारकर्ताको बोलपत्र स्वीकृत गरी ७ दिन भित्र रकम जम्मा गर्न जानकारीपत्र दिनुपर्नेछ ।

(ग) दोस्रो सकारवालाले पनि तोकिएको समय भित्र रकम जम्मा नगरेमा निजको पनि धरौटी जफत गरी तेस्रो सकारवालाको नाममा बोलपत्र स्वीकृत गरी ७ दिन भित्र रकम जम्मा गर्न जानकारीपत्र दिनुपर्नेछ र तेस्रो सकारवालाले पनि तोकिएको अवधि भित्र रकम जम्मा नगरेमा निजको धरौटी रकम जफत गरी पुनः बोलपत्र आह्वानको प्रक्रियामा जानुपर्नेछ ।

तर, त्यसरी दोश्रो वा तेश्रो सकारकर्ताको बोलपत्र स्विकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कबोल अङ्कमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा बोलपत्र स्वीकृत गरिने छैन ।

**३४ . काठ दाउरा ओसार-पसारको अनुमति** : (१) उपभोक्ता समूहबाट लिलाम बिक्री गरिएका काठ दाउराको कबोलवालाले सकार रकम दाखिला गरिसकेपछि सम्बन्धित समूहको बिक्री टाँचा लगाई जिल्ला वन कार्यालयको सहमति लिएर लैजाने स्थान वा उद्योग समेत स्पष्ट रूपमा उल्लेख गरी सकारकर्तालाई सोही समूहले **अनुसूची-२०** अनुसारको इजाजत दिनुपर्नेछ । यसरी इजाजत दिँदा काठ भए **अनुसूची-२१** अनुसारको र दाउरा भएमा **अनुसूची-२२** अनुसारको चलानी पूर्जी इजाजत पत्रसाथ दिनुपर्नेछ ।

(२) व्यापारिक प्रयोजनका लागि बिक्री गरिएको सामुदायिक वनको काठ सम्बन्धित जिल्ला बाहिर लैजानका लागि सहमतिपत्र दिने क्रममा जिल्ला वन कार्यालयले उक्त काठ दाउरा बिक्री वितरणसँग सम्बन्धित कागजातहरू हेर्न र आवश्यक निर्देशन दिनसक्नेछ ।

(३) उपभोक्ता समूहबाट व्यापारिक प्रयोजनका लागि खरिद गरेका काठ दाउरा खरिदकर्ताले आफ्नो उद्योग व्यवसाय भएको स्थानसम्म ओसार-पसार गर्नु पूर्व त्यस्तो काठ दाउरा सुरु जिल्ला वन कार्यालयले खटाएको वन प्राविधिकबाट चेकजाँच, दरपिठ र सिलबन्दी गराउनुपर्छ । त्यसैगरी ओसारपसार गर्दा उद्योग व्यवसाय रहेको जिल्लाको अन्तिम वन चेकपोष्टमा पनि कागजात देखाई चेकजाँच तथा दरपिठ गराई लैजानुपर्नेछ ।

तर, एउटै जिल्लाभित्र ओसारपसार गर्नपरेमा सिलबन्दी गरिराख्नुपर्ने छैन ।

**३५. राजस्व र कर भुक्तानी** : (१) उपभोक्ता समूहले व्यापारिक प्रयोजनका लागि काठ बिक्री वितरण गर्दा वन पैदावार शुल्क लाग्ने भनी  नेपाल सरकारबाट तोकिएका प्रजातिहरूको काठ (साल, खयर वा पछि तोकिने थप प्रजातिसमेत) बिक्री गरेको भएमा काठ र दाउरा ओसार पसारका लागि जिल्ला वन कार्यालयबाट सहमति लिनुपूर्व सोवापत तोकिएको निश्चित राजस्व सम्बन्धित उपभोक्ता समूहले राजस्व खातामा दाखिला गरी सोको भौचर जिल्ला वन कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

